मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २१४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन ३० गते शुक्रबार ❑ 15 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## नयाँ र युगान्तकारी काम गर्न मन्त्रीहरुलाई प्रधानमन्त्रीको निर्देशन

**रासस**
काठमाडौं, २९ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीले नयाँ र युगान्तकारी (गेम चेन्जर) काम गर्न सबै मन्त्री र सचिवहरुलाई निर्देशन दिनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा मन्त्रालयगत वार्षिक प्रगति समीक्षा तथा कार्यसम्पादन सम्झौता आदानप्रदान कार्यक्रममा प्रधानमन्त्री ओलीले उत्पादकत्व बढाउने र गरिबीको दुष्चक्रबाट मुलुकलाई बाहिर ल्याउने गरी तीव्रताका साथ कानम गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले आगामी मङ्सिरभित्र दैलेखको मिथेन ग्यासको परीक्षण उत्पादन गराउन, चीनमा निर्यात गर्नेगरी सबै किसानलाई व्यावसायिक भैँसीपालन गराउन, खेतीमा अर्ग्यानिक अभियान सञ्चालन गर्न, सामाजिक सञ्जाललाई कानुनी दायरामा ल्याउन, ज्येष्ठ नागिरक संवाद भवन बनाउन, दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिता समयमै आयोजना गर्न, कीर्तिपुर क्रिकेट रङ्गशाला छिटो निर्माण सक्न तथा भक्तपुरमा ठूलो रङ्गशाला निर्माणको तयारी गर्न सम्बन्धित मन्त्रीहरुलाई ध्यानाकर्षण गराउनुभयो। प्रधानमन्त्री ओलीले अन्तरिक्षमा नेपालको आफ्नै अर्बिटलाई उपयोग गर्न, आफ्नै रेल र सेक्युरिटी प्रेस सञ्चालनमा ल्याउन आग्रह गर्दै रेल्वे विस्तार गर्न, सुनकोसी-मरिन, भेरी-बबई तथा काठमाडौँ/तराई मधेस द्रुत मार्गजस्ता आयोजनाको काम छिटो सक्न, योग-आरोग्यताको अभियान सञ्चालन गर्न र मापदण्डका आधारमा कर्मचारीको सरुवा गर्न समेत मन्त्रीहरुलाई आग्रह गर्नुभयो। "मेरा यी कुराहरु प्रतिनिधिमूलक मात्रै हुन्, एवं रितले सबै मन्त्रीहरुले आफ्नो मन्त्रालयमा के नयाँ र परिवर्तनकारी काम गर्न सकिन्छ योजना बनाउनुस्, आउने भदौको अन्तिमतिर फेरि बसेर त्यस्ता काम निर्धारण गरेर अगाडि बढौँ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "मौलिक ढङ्गले हामी अघि बढ्नुपर्छ। साँच्चै माइलस्टोन हुने खालका काम गरौँ।" कार्यक्रममा चालु आर्थिक वर्ष २०८२/८३ मा गरिने मुख्य काम र हासिल हुने उपलब्धिका विषयमा प्रधानमन्त्री र मन्त्रीहरुबीच कार्यसम्पादन सम्झौता भएको थियो।

'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न थालिएका पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा सुधारका कार्यहरु तोकिएको समयमा सम्पन्न गर्न कार्यसम्पादन सम्झौताको अभ्यास प्रधानमन्त्री ओलीको विगतको कार्यकालमा आरम्भ गरिएको हो।

## तनहुँको डुम्रेमा दुर्घटनामा घाइते हुने २१ जना पुगे

**पोखरापत्र संवाददाता**
दमौली, २९ साउन

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको बन्दीपुर गाउँपालिका-४ ठूल्दुङ्गामा बुधबार साँझ भएको दुर्घटनामा घाइते हुनेको सङ्ख्या २१ पुगेको छ।

दमौलीबाट मुग्लिनतर्फ जाँदै गरेको ग१ख ७३२९ नम्बरको बस र विपरीत दिशाबाट आउँदै गरेको बा ०१-००६ ख ६५०३ नम्बरको विद्युतीय माइक्रो दुर्घटना हुँदा बसमा सवार ११ र माइक्रोमा सवार १० गरी २१ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

दुर्घटनामा घाइते हुनेमा बा ०१-००६ ख ६५०३ नं को विद्युतीय माइक्रोका चालक नामथर वतन नखुलेको, बसमा सवार तनहुँ व्यास-१० बस्ने २९ वर्षीया आशा दरै, २० महिनाकी साइन दरै, लमजुङ दोर्दी नपा-२ की ३४ वर्षीया गीता थापा कुँवर, निजको छोरी १८ वर्षीया अंशु कुँवर, नवलपरासी सुनौल नपा-६ बस्ने २६ वर्षीय विशाल लामिछाने, तनहुँको व्यास नपा-१० बस्ने २७ वर्षीय सोमबहादुर परियार र चितवन भरतपुर मनपा-११ बस्ने ७४ वर्षीय पर्शुराम भट्टराई रहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी निरीक्षक आशिष विश्वकर्माले जानकारी दिनुभयो।

यस्तै, कास्की पोखरा मनपा बस्ने ४२ वर्षीय मेखकुमार गुरुङ, म्याग्दी बेनी नपा-८ बस्ने ३३ वर्षीय क्षितिज शेरचन दाईने, कास्की पोखरा मनपा-८ बस्ने २५ वर्षीया सम्झना ढकाल, म्याग्दी बेनी नपा-८ बस्ने ३० वर्षीया सजिना पुन, चितवन भरतपुर मनपा २३ वर्षीया रचना भण्डारी, कास्कीको पोखरा मनपा-२९ बस्ने ४२ वर्षीय ध्रुवराज सुवेदी, पोखरा मनपा-३२ बस्ने ३५ वर्षीय सचीन दुवा, महोतरी चुन्म गापा-१ बस्ने २४ वर्षीय सुवासचन्द्र यादव, नवलपुर बुलिनटार गापा- १ बस्ने ३२ वर्षीया सीता श्रेष्ठ, नवलपुर बुलिनटार गापा-१ बस्ने ११ वर्षीय समीर श्रेष्ठ, धादिङ ज्वालामुखी गापा-५ बस्ने ३६ वर्षीय साने विश्वकर्मा, तनहुँको भानु नपा-६ बस्ने ३० वर्षीया साननानी गुरुङ र लमजुङ कोलाहसोथर गापा-५ बस्ने ३८ वर्षीय बखतबहादुर गुरुङ घाइते भएको प्रहरीले जनाएको छ।

घाइतेहरुको पोखरा मणिपाल शिक्षण अस्पताल, चितवन मेडिकल कलेज, लक्ष्मी अस्पतालमा उपचार भइरहेको छ।

## एमालेको विधान संशोधन प्रस्तावमा सुझाव सङ्कलन गर्न कार्यशाल

**रासस**
काठमाडौं, २९ साउन


नेपाल कम्युनिष्ट पार्टी (एमाले)को आगामी दोस्रो विधान महाधिवेशनमा प्रस्तुत गरिने विधान संशोधन प्रस्तावमाथि सुझाव सङ्कलन गर्ने काम भइरहेको छ।

पार्टीले सुझाव सङ्कलनका लागि यतिबेला देशभर पार्टीका विभिन्न जिल्ला प्रदेशलगायत कमिटी र गैर भूगोलका कमिटीका बैठक आयोजना गरी विधान संशोधन प्रस्तावमाथि सुझाव सङ्कलन गरिरहेको छ।

मानव अधिकार एलाइन्सले यहाँ कार्यशाला राखेर विधान संशोधन प्रस्तावमाथि सुझाव सङ्कलन गरिरहेको छ। पार्टीका स्थायी कमिटी सदस्य तथा जनसङ्गठन समन्वय संयन्त्रका प्रमुख भानुभक्त ढकाल र केन्द्रीय कमिटी सदस्य तथा मानव अधिकार एलाइन्सका इञ्चार्ज विष्णु रिजालले विधान संशोधन प्रस्तावका बारेमा स्पष्ट गर्नुहुँदै थप सुझाव राख्न आग्रह गर्नुभएको थियो। कार्यशालालाई सम्बोधन गर्दै स्थायी कमिटी सदस्य ढकालले विधानका सम्बन्धमा पार्टीभित्र विवाद सिर्जना गर्न खोजिए पनि त्यसलाई समाधान गरिएको बताउनुभयो। उहाँले पार्टीमा विवाद र विग्रह सिर्जना गर्ने प्रयास भए पनि त्यो सफल नहुने तथा पार्टी एकताबद्ध भएर अगाडि बढ्ने बताउनुभयो।

केन्द्रीय सदस्य रिजालले पार्टी नेतृत्व आवश्यकताले निर्माण गर्ने जिकिर गर्दै अहिले पार्टीमा केपी शर्मा ओलीको नेतृत्व आवश्यक रहेको स्पष्ट गर्नुभयो। उहाँले नेतृत्व निर्माणका लागि उमेरहद सर्वकालिक सिद्धान्त हुन नसक्ने स्पष्ट गर्दै नेपाली कांग्रेस जस्तो ठूलो प्रजातान्त्रिक पार्टीलेसमेत नेतृत्व स्वीकार गरिरहेको अवस्थामा अध्यक्ष ओलीको विकल्प सोच्न नसकिने धारणा राख्नुभयो।

एलाइन्सका अध्यक्ष विदुर सुवेदीको अध्यक्षतामा भएको कार्यशालामा सहभागीहरूबीच समूहगत छलफल गरी सुझाव सङ्कलन गरिएको थियो। पार्टी उपाध्यक्ष विष्णुप्रसाद पौडेलको संयोजकत्वमा तयार गरिएको विधान संशोधन प्रस्ताव पार्टीको सचिवालय, पोलिटब्युरो र केन्द्रीय कमिटी बैठकबाट पारित भई सुझावका लागि मातहतका कमिटीमा पठाइएको हो। एमालेको दोस्रो विधान महाधिवेशन आगामी भदौ २० देखि २२ गतेसम्म ललितपुरको गोदावरीमा हुँदैछ।




## महिला पर्यटन संस्थाको अध्यक्षमा ममता न्यौपाने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

महिला पर्यटन व्यवसायीहरुको संस्था महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)को अध्यक्षमा ममता न्यौपाने निर्वाचित भएकी छन्। विहीबार सम्पन्न मञ्चको सातौं साधारण सभा तथा चौथो अधिवेशनले न्यौपानेको अध्यक्षतामा निर्विरोध नयाँ कार्यसमिति चयन गरेको हो।

ओटेफको उपाध्यक्षमा लक्ष्मी लामिछाने, महासचिवमा भावना रानाभाट, सचिवमा शारदा भुजेल, कोषाध्यक्षमा रिता रेग्मी पौडेल 'मुना', सहकोषाध्यक्षमा मिठु लामिछाने निर्वाचित भएकी हुन्।

सदस्यहरुमा सुशीला भण्डारी, सरिता शर्मा, लक्ष्मी तिमिल्सिना, कान्ति अधिकारी, चन्द्रा पौडेल पहारी, सुनीता सुवेदी, चन्द्रा जिसी, मायाँदेवी लामिछाने, रेनु लामिछाने, शर्मिला थापा र मिरा पौडेल चयन भएका निर्वाचन समिति संयोजक पम्फा देवकोटा पहारीले पोखरापत्रलाई वताईन।



अधिवेशनको पोखरा महानगरका प्रमुख धनराज आचार्यले उद्घाटन गर्दै पर्यटन प्रर्वद्धनमा ओटेफको भूमिका सराहनीय भएको बताए। उनले ओटेफ र टेवानलाई पोखरा पर्यटन परिषदको सदस्यता दिन परिषदलाई सुझाव दिए।

कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले महिला पर्यटन व्यवसायीले संस्कृति संरक्षण र मौलिकतामा अन्यको तुलनामा बढी गर्ने बताईन्। पोखरा-६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराईले पर्यटनको विकास र प्रवर्द्दनमा ओटेफको भूमिका उल्लेखनीय रहेको बताए।

कार्यक्रममा पोखरा भ्रमण वर्ष २०२५ का मूल तयारी समितिका संयोजक गोपीबहादुर भट्टराई, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, पर्यटन व्यवसायी वासु त्रिपाठी, नेपाल पर्यटन वोर्डका पूर्व सदस्य टिकाराम सापकोटा, होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी, नागरिक समाज पोखराका संस्थापक अध्यक्ष रामबहादुर पौडेल, नेपाल पत्रकार महासंघ गण्डकीका महासचिव जमुना वर्षा शर्मा, ओटेफका संस्थापक अध्यक्ष जमुना पराजुली, अध्यक्ष उमा रेग्मी भण्डारी, महासचिव लक्ष्मी लामिछाने लगायतले बोलेका थिए।

उक्त अवसरमा पत्रकार गोविन्द सुवेदीलाई पत्रकारिताको माध्यमबाटपर्यटनक्षेत्रमामहत्वपूर्ण योगदान दिएको भन्दै सम्मान गरिएको थियो भने, ओटेफका विभिन्न गतितिविधीमा सहयोग पुर्याउने विभिन्न व्यक्तित्वलाई सम्मान गरिएको थियो।

# पोखरा र बागलुङमा महिला उद्यमीबीच सहकार्यको प्रतिवद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

पोखरा र बागलुङ उद्योग वाणिज्य संघमा आवद्ध महिला उद्यमीहरुले उद्यमशिलता विकासका निम्ति सहकार्यको प्रतिवद्धता व्यक्त गरेका छन् । अध्ययन अवलोकन भ्रमणको क्रममा बिहीबार पोखरा आइपुगेको महिला उद्यमी समिति बागलुङ तथा पोखरा उद्योग वाणिज्य संघअन्तर्गत रहेको महिला उद्यमी विकास उपसमितिबीच भएको अन्तर्क्रियाको क्रममा सो सहमति जुटेको हो ।

कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघकी कार्यसमिति सदस्य तथा महिला उद्यमी विकास उपसमिति संयोजक बन्दना कार्की केसीले देशको नीति निर्माणदेखि प्रशासनिक क्षेत्रमा महिला सहभागिता बढ्दै गए पनि महिलाहरुले ठूलो हैन, सानोतिनो व्यवसायमात्र गर्ने हो भन्ने मानसिकताबाट नेपाली समाज मुक्त हुन नसकेको धारणा राखिन् । 'हस्तकला, साना तथा घरेलु उद्योगमात्र महिलालाई जिम्मा लगाउने प्रवृत्तिबाट माथि नउठेसम्म देशमा उद्यमशिलताको विकास हुन सक्दैन,'उनले भनिन्,'राज्यले महिला उद्यमशिलता विकासका लागि गरेका केही नीतिगत व्यवस्थाहरु साँच्चै राम्रा छन् ।



महिलाको नाममा उद्योग/व्यवसाय दर्ता गर्दा दिइने छुट,पछिल्लो समय बैंक तथा वित्तीय संस्थामार्फत् महिला उद्यमशिलताका लागि प्रदान गरिएका कर्जाहरुको हामीले पनि उपयोग गर्नुपर्छ । तर राज्यले व्यवसाय गर्दा आइपर्ने झन्झट कम गर्नका लागि अझै धेरै काम हुनुपर्छ ।' पछिल्लो समय नयाँ अवसर पनि सिर्जना भएका, हस्तकलादेखि परम्परागत कृषि उत्पादनहरुको बजार बढेको तथा रैथाने स्वाद चाख्न मान्छेहरु सहरबाट गाउँसम्मै पुग्ने गरेकाले त्यो मागलाई केन्द्रमा राखेर महिलाहरुले व्यवसाय गर्नुपर्ने उनको धारणा थियो । कार्यक्रममा बोल्दै महिला उद्यमी विकास समिति बागलुङका अध्यक्ष अर्चनाकुमारी पालिखेले आफू व्यवसायमा कसरी सफल भइन्छ भन्नेबारे महिला स्वयं सचेत हुँदा व्यवसाय पनि सफल हुने बताइन् । उनले बागलुङका दूरदराजका गाउँमा उत्पादित अर्गानिक बस्तुको बजारीकरणमा सहकार्यको प्रस्ताव पनि राखिन् ।

'महिलाहरुले केही गर्न सक्दैनन् भन्ने पुरुषवादी सोच बाँकी नै छ तर हामी आफैमा पनि माथि जान नचाहने बानी छ,'उनले भनिन्,'कोष व्यवस्थापनमा महिलाले आफूलाई अब्बल सावित गरेका छन् । अन्य क्षेत्रमा पनि महिलाले अवसर पाए धेरै गर्न सक्छन् ।' महिला उद्यमीहरुलाई हौसला दिन आयोजित कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले महिला उद्यमशिलता विकासका निम्ति चाहिने आवश्यक तालिम र बजारीकरणमा संघले सघाउने बताए । संघका निवर्तमान अध्यक्ष पवनकुमार प्रजापतिले महिलाहरुले उत्पादन गरेका सामग्रीहरुको बजार बढ्दै गएको बताउँदै गुणस्तरमा ध्यान दिन आग्रह गरे । संघका पूर्वअध्यक्ष तथा मानार्थ सदस्य वसन्त उदासले उद्योग वाणिज्य संघहरुले सामाजिक उत्तरदायित्वको क्षेत्रमा खेलेको भूमिकाको चर्चा गर्दै उद्योग वाणिज्य संघहरुबीचको सहकार्यले व्यवसाय प्रवर्द्धनमा सघाउने धारणा राखे । संघकी महासचिव शोभा गौतमले एकतमा शक्ति हुने बताउँदै महिला उद्यमीहरुबीच उत्पादनदेखि बजारीकरणसम्म सहकार्य गर्नुपर्ने आवश्यकता औंल्याइन् । बागलुङ उद्योग वाणिज्य संघकी महिला सचिव सचिव सिर्जना राजभण्डारी श्रेष्ठले महिला उद्यमशिलता विकासमा पुरुषहरुको साथ पनि जरुरी रहेको धारणा राखिन् । बागलुङको महिला उद्यमी समितिकी सल्लाहकार उषा पौडेलले आर्थिक स्रोतमा महिलाहरुको पहुँच नहुँदासम्म आत्मनिर्भरताको यात्रा अधुरो हुने बताइन् । महिला उद्यमी समिति बागलुङकी महासचिव पिङ्गला जिसीले उद्योग वाणिज्य संघहरुले महिला नेतृत्व विकासका निम्ति विशेष अभियान थाल्नुपर्नेमा जोड दिइन् । पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य सुरेश घिमिरेले महिलाहरुले आफूले प्राप्त गरेको अवसरको सदुपयोग गर्नुपर्ने धारणा राखे । कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्षहरु दीनेशचन्द्र बास्तोला र बलराम आचार्य, कोषाध्यक्ष मनोज श्रेष्ठ,उपमहासचिव सुदीप प्रधानाङ्गसहित कार्यसमिति सदस्यहरु दूधमान गुरुङ' आशिष',एकनारायण गौतम, सुरेश घिमिरे, जीवनप्रकाश श्रेष्ठ,रामचन्द्र तिमिल्सिनालगायतको उपस्थिति रहेको थियो ।

# स्याङ्जामा परिचयपत्र बनाउनेको भीड

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २९ साउन

सामाजिक सुरक्षा भत्ता नविकरणका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य भएपछि जिल्ला प्रशासन कार्यालय स्याङ्जाले बढ्दै गएको सेवाग्राहीको भीड व्यवस्थापन गर्न सेवा समय विस्तार गरेको छ । सार्वजनिक बिदाका दिन बाहेक बुधबारदेखि बिहान ८ बजेदेखि सेवा प्रवाह गरिएको छ ।

सामाजिक सुरक्षा नियमावली, २०७६ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार भत्ताग्राहीले प्रत्येक आर्थिक वर्षको साउन १ गतेदेखि भदौ मसान्तभित्र आवश्यक कागजात नविकरण गराइसक्नु पर्ने कानुनी व्यवस्था छ । चालु वर्षदेखि राष्ट्रिय परिचयपत्र नम्बरको अनिवार्य व्यवस्था लागु भएपछि प्रशासनमा सेवाग्राहीको संख्या ह्वात्तै बढेको प्रशासनले जनाएको छ । बालबालिका, अशक्त, र ९० वर्ष माथिका ज्येष्ठ नागरिकका लागि तत्कालका लागि राष्ट्रिय परिचयपत्र नम्बर बिना पनि नवीकरण हुने व्यवस्था गरेको प्रशासनले परिचयपत्र तथा पञ्जीकरण विभागको परिपत्र अनुसार सेवाग्राही परिचयपत्र बनाउन आउन थालेपछि चाप थपिएको जनाएको छ ।

समय विस्तारले सेवाग्राहीलाई सहज र शीघ्र सेवालिन मद्दत पुग्ने विश्वास गरेको प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले बताए । केही दिन यता राष्ट्रिय परिचयपत्र बनाउने सेवाग्राहीको भिडले प्रशासन कार्यालय दिनहुँजसो भरिभराउ भएको छ ।

परिचयपत्र नविकरणका लागि दैनिक तीन सयभन्दा बढी सेवाग्राही आउने गरेको कम्प्युटर अपरेटर ममिता भुसालले बताईन् । अधिकांश सेवाग्राही ६५ प्रतिशत ज्येष्ठ नागरिक रहेको उनले बताईन् । बढीमा दैनिक एक सय जनासम्मको विवरण दर्ता हुने गरेको उनले जानकारी दिईन् । सेवाग्राहीले दुईदेखि तीन दिनसम्म बसेर राष्ट्रिय परिचयपत्रका लागि नाम दर्ता गर्दै आएका छन् ।

सामाजिक सुरक्षा भत्ता, बैंक खाता, राहदानी लगायतका कामका लागि सदरमुकाम आएका सेवाग्राहीले परिचयपत्रका लागि दुई-तीन दिनसम्म पर्खिनु परेको गुनासो गरेका छन् । परिचयपत्रका लागि गाउँदेखि सदरमुकामसम्म आउनुपर्ने र आवत जावतमा खर्चिलो हुने भएकाले स्थानीय तहमै सेवा उपलब्ध गराउन उनीहरुले माग गरेका छन् ।

# राष्ट्रिय कृष्ण भजन प्रतियोगिताको तयारी अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

पोखराको बाटुलेचौरमा हुने २६ औं संस्करणको राष्ट्रिय कृष्ण भजन प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ ।

श्री कृष्ण जन्माष्टमीको पावन अवसरमा यही साउन ३१ गते शुक्ला साहित्य प्रतिष्ठानले आयोजना गर्ने प्रतियोगिताको आन्तरिक बाहेकका अन्य तयारी लगभग पुरा भएको प्रचार प्रसार उपसमितिका संयोजक संजय थापाले जानकारी दिए। मंगलबारसम्म सहभागी टिम दर्ताको समय तोकिएको र सो समयभित्र १६ वटा टिम दर्ता भएका छन्। महेश्वर खनाल भजन समुह तनहुँ, भद्रकाली खैंजडी भजन समुह धादिङ, हरिहर भजन कीर्तन समुह स्याङ्जा, सहित कास्कीका विभिन्न भजन टोली र विद्यालयका स साना विद्यार्थी सहभागी भजन टोली पनि सहभागी हुने बताईएको छा बाटुलेचौर ऐतिहासिक मैदानमा हुने प्रतियोगिताको लागि प्रतिष्ठानले बुधबार गोलाप्रथाबाट टाइसिट समेत सार्वजनिक गरेको छाप्रतियोगितालाई व्यवस्थित गर्न गठित विभिन्न २३ वटा उपसमितिले तयारी पुरा गरेको र केही आन्तरिक काम मात्रै बाँकी रहेको प्रतिष्ठानका सचिव रामप्रसाद पौडेलले बताए ।

प्रतियोगिताको व्यापक प्रचार प्रसार गरेको, विभिन्न सामाजिक तथा धार्मिक संघ संस्थासँग समन्वय भएको र दर्शकको चापलाई मध्यनजर गरी व्यवस्थित मञ्च निर्माण र सजावट गरिएको सचिव पौडेलले जानकारी दिए। कार्यक्रममा यस क्षेत्रका आमा समुह, टोल विकास संस्था र विभिन्न जातिय तथा धार्मिक संस्था आ आफ्नो पहिचान झल्कने पोसाकमा सहभागी हुने प्रतिष्ठानले जनाएको छ । प्रतियोगितामा प्रथम हुनेले नगद १ लाख र प्रमाणपत्र, दोस्रो हुनेले नगद ७५ हजार र प्रमाणपत्र, तेस्रो हुनेले नगद ५० हजार र प्रमाणपत्र तथा सान्त्वना हुनेले नगद २५ हजार र प्रमाणपत्र तथा सहभागी टिमलाई प्रोत्साहन स्वरुप जनही ५ हजार प्रदान गरिने प्रतिष्ठानका अध्यक्ष दुर्गादेवी बस्नेत गौतमले बताईन्।विगतका भन्दा यसपटकको कार्यक्रम थप व्यवस्थित र भव्य हुने उनको भनाई छ । कार्यक्रम सफल बनाउन ४ वटै स्थानीय तहसँग समन्वय गरिएको उपाध्यक्ष दीपेन्द्र बानियाँले जानकारी दिए ।

निरन्तर रुपमा कृष्ण जन्माष्टमी पर्व विशेष रूपमा मनाइने भएकाले यस क्षेत्रलाई गोकुल धामका रुपमा विकास गरिनुपर्नेमा समेत जोड दिईएको छाकार्यक्रम सम्पन्न गर्न करिब १६ लाख खर्च लाग्ने बताइएको छ ।

# लामाचौरमा ११ वर्षदेखि निरन्तर हुदै आएको राष्ट्रिय भलिबल प्रतियोगिता यस वर्ष स्थगित

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

नेपाली महिलाहरूको महान पर्व हरितालिका तीजको अवसरमा हरेक वर्ष पोखरामा आयोजना हुँदै आएको ऐतिहासिक लामाचौर कप महिला राष्ट्रिय भलिबल प्रतियोगिता यस बर्ष स्थगित हुने भएको छ ।

पोखराको नव आदर्श सामुदायिक विकास समाजले आयोजना गर्ने उक्त प्रतियोगितामा न्यून टिमको सहभागिता हुने र आर्थिक अभावका कारण यस बर्ष उक्त प्रतियोगिता स्थगित हुने भएको समाजले जनाएको छ ।

समाजले विगत ११ बर्षसम्म निरन्तर रुपमा अयोजना गरेको उक्त प्रतियोगिता यस बर्ष त्यसको विकल्पमा अन्तर बिद्यालय स्तरिय छात्रा भलिवल प्रतियोगिता आयोजना गर्ने भएको समाजका अध्यक्ष ई.दिनेश भण्डारीले बताउनु भयो । उहाँले भन्नुभयो "यस वर्ष १२औं संस्करण आयोजना गर्ने गरी तयारीमा जुटे पनि देशको आर्थिक अबस्था कमजोर भएको हुदा यसको प्रभाव अर्थतन्त्रमा समेत परेकोले गर्दा आवश्यक आर्थिक स्रोत जुट्न नसकेपछि कार्यक्रम रद्द गर्न बाध्य भई त्यसको विकल्पमा खेलाडी उत्पादन गर्ने उद्धेश्यले बिद्यालय स्तरिय गर्न लागेका हौं । " भदौं ८ देखि १० गतेसम्म इन्द्रराज्य लक्ष्मी माविको खेल मैदानमा उक्त प्रतियोगिता सहित तिज महोत्सव हुने भएको हो । विगतमा राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार लगायतका निकायहरूबाट सहयोग पाउँदै आएको भए पनि यस बर्ष खासै बजेट विनियोजन नभएकोले ई.भण्डारीले गुनासो गरे । प्रतियोगितामा कम्तिमा ६-७ टिमको सहभागिता आवश्यक भए पनि पछिल्ला वर्षहरूमा ३/४ टिम भन्दा बढी जुट्न नसकेको गुनासो गर्नुभयो ।

त्यसै गरी पुरुष तर्फको राष्ट्रिय भलिवल प्रतियोगितालाई यस बर्ष खुल्ला भलिवल प्रतियोगिताको रुपमा आयोजना गरिने भएको छ । गत बर्षको तुलनामा पुरस्कार राषिमा समेत दोब्बरले बृद्धि गरी विजेतालाई ३ लाख पुरस्कार प्रदान गरिने भएको प्रचार संयोजक बिष्णुप्रसाद गौतमले बताउनु भयो । उपविजेतालाई भने १ लाख ५० हजार प्रदान गरिने भएको छ । गत बर्ष महिला तथा पुरुष तर्फको टिमले जनही १ लाख ५० हजार पुरस्कार प्राप्त गरेका थिए ।

पोखरामा तीजको अवसरमा विशेष आकर्षणका रूपमा हुने महिला राष्ट्रिय भलिबल प्रतियोगिता स्थगित हुँदा खेलप्रेमीहरू निराश हुनु भएको छ । उक्त अवसरमा आयोजना हुने उक्त तिज महोत्सव सहित विभिन्न खेलकुद सहितका अन्य कार्यक्रम सम्पन्न गर्न करिब ४५ लाख खर्च लाग्ने अर्थ समितिका संयोजक कमल बहादुर थापाले बताउनु भयो । समाजले २९ औं वार्षिकोत्सवको अवसर पारेर लामाचौर तीज महोत्सव गर्न लागेको हो ।

# क्रिकेट टोलीले अस्ट्रेलियामा पाँच अभ्यास खेल खेल्ने

**रासस**
काठमाडौं, २९ साउन

अस्ट्रेलियामा नेपाली राष्ट्रिय क्रिकेट टोलीले क्रिकेट एसिटी र साउथ अस्ट्रेलियासँग अभ्यास खेल खेल्ने भएको छ ।


नेपाल क्रिकेट सङ्घ (क्यान)ले बिहीबार एक प्रेस विज्ञप्ती जारी गर्दै नेपालले आगामी भदौ १० देखि १४ गतेसम्म पाँच अभ्यास शृंखला खेल्ने जनाएको हो । नेपालले आगामी भदौ १० गते एसिटी तथा भदौ १२ गते साउथ अस्ट्रेलियासँग समान दुई दुई ट्वान्टी-२० खेल्नेछ । पहिलो खेल बिहान ४:४५ तथा दोस्रो खेल ९:४५ मा सुरु हुनेछ ।

त्यसैगरी नेपालले भदौ १४ गते साउथ अस्ट्रेलियासँगै एकदिवसीय खेल खेल्ने तय छ । यो खेल बिहान ५:४५ मा सुरु हुने छ । यो अभ्यास शृंखला अघि नेपालले अस्ट्रेलियाको डार्बिनमा टप एन्ड टी-२० सिरिज पनि खेल्नेछ । उक्त सिरिज यही साउन २९ देखि भदौ ८ गतेसम्म हुँदैछ ।

त्यहाँ नेपालले अस्ट्रेलियाको बिग ब्यास टोलीका एकेडेमी टोलीसहित पाकिस्तान र बङ्गलादेशको 'ए' टोलीसँग प्रतिस्पर्धा गर्नेछ । नेपाली टोलीले आगामी अक्टोबरमा ओमानमा हुने आइसिसी पुरूष टी-२० विश्वकप छनोटको तयारीस्वरूप उक्त खेल खेल्न लागेको हो ।









फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

# ‘सङ्कटमा कुसुन्डा परिवार, सरकारसँग संरक्षणको आस’

**प्रतीक्षा आले**
गोरखा, २९ साउन /रासस

अचेल किसानलाई माना रोपेर मुरी उब्जाउने चटारो छ । कोही धान रोपाइँमा, कोही कोदो रोपाइँमा त कोही मकै भित्र्याउनमा व्यस्त । गोरखा नगरपालिका-११ तेह्रकिलो बजारभन्दा दुई कान्ला तल सानो टहरोमा बस्ने ५५ वर्षीय चेतबहादुर कुसुन्डालाई भने न रोपाइँको ध्याउन्न, न त बारीमा मकै सुक्ला भन्ने पीर ।

आफूजस्तै दिनरात श्रम गरेर खाने दौँतरीसँग उहाँको समय बित्छ । लोपोन्मुख भनेर चिनिने कुसुन्डा जातिको गोरखामा एउटा मात्रै घर छ । चेतबहादुर छिमेकीले दिएको तीन आना जग्गामा एकपाखे घर बनाएर आफ्ना दुई छोरा, बुहारी र नातिनातिनीसँग बस्नुहुन्छ । सम्पत्तिको नाममा घरले चर्चेको यही जग्गा हो उहाँको । त्यसले असार, साउन आए पो के, कात्तिक, मङ्सिर आए पो के !

“योभन्दा बाहेक टेक्ने जग्गा पनि छैन । सम्पत्ति भने पनि जे भने पनि यही अरूले दिएको जग्गा हो । यसैमा सरकारले बनाइदिएको सानो घर र दुईचारवटा कुखुरा छन् । कुखुरा पनि थुनेर पाल्छौँ । नत्र अरूको जग्गामा गइहाल्छन्”, कुसुन्डाले भन्नुभयो । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कुसुन्डा समुदायको जनसङ्ख्या २५६ मात्रै छ । यसैमा पर्छ चेतबहादुरको आठ सदस्यीय परिवार । उहाँको परिवार विगत ४५ वर्षदेखि गोनपा-११ स्थित तेह्रकिलोमा बसोबास गर्दै हो । विसं २०३८ मा आफ्नी आमा सुमित्रा वनकीरानी कुसुन्डासँग तेह्रकिलो आएको चेतबहादुरलाई हिजै हो जस्तो लाग्छ । उहाँ आफू ११ वर्षको हुँदा पालुङटारको खोप्लाङबाट भिटीभाम्टो बोकेर तेह्रकिलो आएको सम्झना सुनाउनुहुन्छ । “१० वर्षको हुँदा बा बिते, भोकले लखतरान हुँदै जुठो बारेको याद छ । बा’को काजकिरिया सकेपछि आमाले खोप्लाङमा भएको भिटी आठ हजारमा बेचेर यहाँ आएका हौँ”, चेतबहादुरले भन्नुभयो, “यहाँ पनि बिरालोले बच्चा सारेजस्तो, कहिले यता, कहिले उता । सायद यो तेह्रकिलो बजारमा हामी नबसेको घरै छैन । अब अरूको घरमा भाडा गरेर बसेपछि ‘छोड्दे, अन्तै जा’भनेपछि जानै पर्‍यो !”

आमा सुमित्रा वनकिरानीले आफू र दुई छोरीलाई कहिले यता, कहिले उता सारेको कष्टकर दिनको सम्झँदा चेतबहादुर अहिले पनि गम्भीर बन्नुहुन्छ । दिदीबहिनी दुवैले तेह्रकिलोबजारमा बिहे गरेकाले आफूहरू पनि दिदीबहिनी नजिकै बस्न आएको उहाँले सुनाउनुभयो । “दुवै जनाले क्षेत्रीसँग बिहे गरे । दिदीको बुढा ड्राइभर थिए, हामी पनि दिदीकै रेखदेखमा यही बस्न आयौँ । यहाँ आएको केही समय म पनि भेनाकै पछि लागेर खलासीको काम गरेँ”, चेतबहादुरले भन्नुभयो ।

खोप्लाङ छोडेर तेह्रकिलो झरेको केही समयपछि आफूहरू नवलपरासी पनि पुगेको उहाँले बताउनुभयो । “यहाँ बस्न आएको केही समयपछि आमाले कताबाट त्यहाँ सरकारी जग्गा मिल्छ भन्ने सुनेछन् । हामी आमाछोरा नै जग्गा पाउने आसमा त्यही गयौँ । जग्गा त केको मिल्थ्यो बरु उल्टै दुःख मिल्यो । आमाले अरूको घरमा काम गर्थिन् । सानो झुप्रो हालेर बसेका थियौँ । मलाई भने त्यहाँ खासै बस्न मन लागेन अनि एक वर्षपछि तेह्रकिलोमै फर्किएँ । आमा पनि म यहाँ आएको केही वर्षपछि फर्किइन्”, चेतबहादुरले भन्नुभयो । उहाँले २०-२२ वर्षको उमेरमा नजिकै पन्ध्रकिलो बस्ने कमला घर्तीसँग बिहे गर्नुभयो । बिहेपछि दुईपटक कतार र एक पटक साउदी पनि पुग्नुभयो । उहाँका दुई भाइछोरा र एक छोरी छन् । जेठो छोरो ३२ वर्षीय अनिल कुसुन्डा हाल ड्राइभर हुनुहुन्छ । अनिलले भच्चेककी बिमाया गुरुङसँग बिहे गर्नुभएको छ । उहाँको दुईभाइ छोरा छन् ।

छोरी अनिता कुसुन्डाले तेह्रकिलोमै बिहे गर्नुभएको छ । कान्छो छोरो २८ वर्षीय अशोक कुसुन्डा हाल वैदेशिक रोजगारीमा हुनुहुन्छ । भोगटेनीकी आशा गुरुङसँग विवाह गरेका अशोकका एक छोरा र एक छोरी छन् ।

आफ्ना तीनैजना छोराछोरीले ४-५ कक्षा पढ्दै छोडेको उहाँले बताउनुभयो । “नपढ्नेलाई जति कराए पनि लाग्दैन रहेछ । सानैमा बिहे गरेर अहिले छोराछोरीको धनी भएका छन्”, चेतबहादुरले भन्नुभयो, “म पनि अक्षर चिन्दिनँ । छोराछोरीले के पढ्थे ।”

चेतबहादुरकी श्रीमतीको भने मृत्यु भइसकेको छ । “बुडिया बितेको त चार वर्ष भयो । आमा पनि पोहोरको चैतमा खसेकी हुन्”, उहाँले भन्नुभयो, “आफन्तका नाममा दिदीबहिनी र ससुराली छन् । आमाको माइती लमजुङको भोटेओडार हो । मावली टाढा भयो, आउजाउ छैन ।” आफू १० वर्षको हुँदा बितेका बुबा गनबहादुर कुसुन्डा को थिए ? कहाँबाट आएका थिए ? र उहाँको परिवार को हुन् भन्नेबारे चेतबहादुर बेखबर हुनुहुन्छ । उहाँलाई न कुसुन्डाको भाषा थाहा छ, न रीतिरिवाज, न त वेशभूषा नै । उहाँले अन्यत्रका कुसुन्डा समुदायसँग चिनजान, आउजाउ पनि गर्नुभएको छैन । गोरखा दरबार सङ्ग्रहालयमा आफ्नो जातिको डमी राखेको देखपछि आफू खुसी हुने गरेको उहाँको भनाइ छ ।

“अन्तातिरको कुसुन्डाहरूले त आफ्नै भाषा बोल्छन् रे भन्ने सुनेको छु । अब हामीलाई त केही थाहा छैन । बाउबाजेसँग सङ्गत भएको भए पो आफ्नो जात, धर्म, संस्कृतिबारे केही थाहा हुन्थ्यो होला”, उहाँले भन्नुभयो । आफूहरूले अरू हिन्दूसरह नै सबै चाडपर्व मनाउँदै आएको चेतबहादुरले बताउनुभयो । उहाँ भन्नुहुन्छ, “दसैँ, तिहार सबै मनाउँछौँ । अरूले जस्तै हरेक वर्ष वायु पूजा, कुलायन पूजा पनि गर्छौं । हाम्रो कुलायन पूजामाचाहिँ भाले चढाउनु पर्छ ।”

सरकारले उहाँको आठ जना परिवारलाई प्रतिव्यक्ति मासिक चार हजारका दरले भत्ता दिँदै आएको छ । हाल बस्दै आएको एकपाखे घर पनि जनता आवास कार्यक्रमअन्तर्गत निर्माण भएको हो । अब सरकारले लोपोन्मुख कुसुन्डा जातिको उत्थान र संरक्षणका लागि थप कार्यक्रम ल्याउनुपर्ने चेतबहादुरको भनाइ छ । सरकारले आफूहरूको लागि उचित बासस्थानको व्यवस्था मिलाउनुपर्ने उहाँको माग छ ।

# मिलिजुली बिजयपुर तमु समाजको अध्यक्ष नासु खड्ग

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

पोखरा महानगरपालिका वडा नं १३ स्थित मिलिजुली बिजयपुर तमु समाजको ३१ औं वार्षिक साधारण सभा तथा १० औं अधिवेशनबाट समाजसेवी नासु खड्ग बहादुर गुरुङलाई अध्यक्षमा चयन गरेको छ ।

विहीवार भएको भएको अधिवेशनले वरिष्ठ उपाध्यक्षमा बालकुमारी गुरुङ, उपाध्यक्षमा चिनवहादुर गुरुङ, सचिवमा इन्जिनियर सुब्बा गुरुङ, कोषाध्यक्षमा सु. यरवहादुर गुरुङ, सह सचिवमा देउबहादुर गुरुङ र सह कोषाध्यक्षमा क्या. कल्याण गुरुङ चयन गरेको हो । त्यसैगरी सदस्यहरुमा क्रमश लोक वहादुर गुरुङ(क), तिल कुमारी गुरुङ, सरस्वती गुरुङ र कुशकुमारी गुरुङ रहेका छन् । मिलिजुली विजयपुर महिला समाजको अध्यक्षमा तिलकुमारी साथै सेही दिन मिलिजुली विजयपुर तमु समाजको महिला समितिको अध्यक्षमा तिलकुमारी गुरुङलाइ चयन गरेको छ ।




समितिको उपाध्यक्षमा हुमादेवी गुरुङ, सचिवमा सरस्वती गुरुङ, कोषाध्यक्षमा कुश कुमारी गुरुङ, सह सचिवमा योगिता गुरुङ चयन भएका हुन् । त्यसैगरी सदस्यहरुमा क्रमश हुमकुमारी गुरुङ, प्यारी गुरुङ, जसदेवी गुरुङ, विष्णुकुमारी गुरुङ, गुड्डु गुरुङ, अनिता गुरुङ, भिमदेवी गुरुङ, लक्ष्मी गुरुङ, केन्द्रकुमारी गुरुङ, कामना गुरुङ, मिनकुमारी गुरुङ, देवी गुरुङ र नन्दकुमारी गुरुङ रहेका छन् । यूवा समितिमा लोकहादुर गुरुङ(क) को संयोजकमा १९ सदस्यीय समिति गठन गरेको छ । जुना कुमारी गुरुङको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन मण्डल गरेको छ । सिमितिको सदस्यहरुमा क्रमश खिम वहादुर गरुङ र धनवहादुर गुरुङ रहेका छन् ।

अधिवेशनको वडा नं १३ का वडा अध्यक्ष किरण वरालले उद्घाटन गरेका थिए । मिलिजुली तमु समाजका अध्यक्ष ई मानकाजी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा तमु धिं नेपालका अध्यक्ष हुमवहादुर गुरुङ, तमु प्ये ल्हु संघका अध्यक्ष ओम वहादुर थिम्चे तमु, बाँझापाटन तमु समाजका अध्यक्ष सु. इन्द्रवहादुर गुरुङ, पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल, हिमचुली तमु समाजका




अध्यक्ष रनधोज गुरुङ, लामोडहर टोल विका समितिका गौतम गुरुङ, र कामना टोल विकास संस्थाका सिताराम गुरुङ लगायत वोलेको कार्यक्रममा सह सचिव ई सुब्बा गुरुङले संचालन गरेका थिए ।

# पोखरामा भारतीय फिल्म ‘मिलियन भ्युज’ टिमसँग पत्रकार भेट

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

सामाजिक कथावस्तुमा आधारित भारतीय फिल्म ‘मिलियन भ्युज’ को टिमले विहीबार पोखरामा पत्रकारहरूसँग भेटघाट गरेको छ । सेप्टेम्बर १२, २०२५ मा नेपालमा रिलिज हुन लागेको यो सिनेमा नेपालका सबै हलमा एकसाथ प्रदर्शन हुने बताइएको छ ।

पोखराको पत्रकार भेटमा श्रीकृष्ण हलका सञ्चालक तथा वितरक केदार पराजुली मिलियन भ्यूज सामाजिक कथावस्तुमा आधारित फिल्म भएको उल्लेख गरे । कथा प्रभावकारी भएकाले नेपालका दर्शकलाई मन पर्ने विश्वास उनको छ । भारत पुगेर आफुले उक्त सिनेमा हेरेको र कथावस्तु राम्रो लागेर नै नैपालमा रिलिजको तयारी गरिएको जानकारी उनले गराए । फिल्मका विश्वव्यापी वितरक विकास कुमार सिंह राजपूतले सिनेमा साइकोलोजिकल थ्रिलर भएको उल्लेख गरे । ब्ल्याक वेबको भयावह गहिराइमा आधारित भारतीय थ्रिलर ‘मिलियन भ्युज’ ले २५ वर्षीया दृढ इच्छाशक्ति र आत्मसम्मान बोकेकी युवतीको जीवन-मरणको संघर्षलाई पर्दामा उतारेको भनाई उनको छ ।

‘मिलियन भ्युज’ मा युवतीको आत्मसम्मानको विषयलाई प्रभावकारी रुपमा उठाइएको छ । ९० मिनेटभित्र १० लाख भ्युज हासिल गर्न वा आफ्नी साथीको ज्यान गुमाउनुपर्ने कठोर अल्टिमेटमको विषयलाई आत्मसम्मान जोगाउने संकल्पसँग सिनेमामा जोडिएको उनले जानकारी गराए । ब्ल्याक वेब र डिजिटल अपराधको पृष्ठभूमिमा बनेको थ्रिलर सिनेमाले मानव सहनशीलताको सीमा, व्यक्तिगत सम्मानको मूल्य र अनलाइन संसारमा लुकेको अँध्यारो सत्यलाई उजागर गर्ने उनले उल्लेख गरे । वितरक विकास कुमार सिंहका अनुसार करिब १२ करोड रुपैयाँको लागतमा निर्माण भएको यस फिल्मलाई नेपालमा सयभन्दा बढी हलमा रिलिज गर्ने तयारी छ । काठमाडौंमा विशेष शोको योजना पनि गरिएको छ । फिल्म सेन्सर प्रक्रियामा रहेको र नेपालमा मल्टिप्लेक्स तथा सिंगल थिएटर दुवैमा प्रदर्शन हुने उनले जानकारी दिए । नालापानीका निर्देशक रिनेश अधिकारीले फिल्मको कथावस्तु नेपाल र भारत दुवैको सामाजिक पृष्ठभूमिसँग मेल खाने बताए । थ्रिएटर कलाकार सिद्धी जेसवालको मुख्य भूमिका रहेको ‘मिलियन भ्युज’ आउटपुट मिडियाको ब्यानरमा निर्माण भएको हो । लेखक, निर्देशक तथा निर्माता अंशुल सिन्हा हुन् । सिनेमाटोग्राफर कृष्णा गोली, कला निर्देशक नानी, मेकअपमा लीला, पोशाक डिजाइनमा एमडी रहमान, पोस्टर डिजाइनमा कुनाल र सेट तथा प्रोप डिजाइनमा एमडी तौसीफ छन् । फिल्म केवल थ्रिलर मात्र नभई डिजिटल संस्कृतिमा फैलिँदो मानव शोषण, नैतिक पतन र व्यक्तिगत सम्मानको मूल्यबारे गहिरो प्रश्न उठाउने सामाजिक टिप्पणीका रूपमा प्रस्तुत भएको दाबी गरिएको छ ।

# अझै अन्नपूर्ण, मालिका र मालिका प्रशासकीय भवन बन्न सकेनन्

**रासस**
म्याग्दी, २९ साउन /रासस

स्थापनाको आठ वर्षसम्म जग्गा प्राप्ति प्रक्रियामै अल्झिँदा म्याग्दीको अन्नपूर्ण, मालिका र मङ्गला गाउँपालिकाले प्रशासकीय भवन निर्माण गर्न सकेका छैनन् ।

तीव्र रूपमा बस्ति विकास भइरहेका पालिकाको केन्द्रमा मापदण्ड पुग्ने जग्गा निःशुल्क दिन नसक्नु र सरकारी दररेट अनुसार उपलब्ध गराउन रुची नदेखाउनु, विवाद, समन्वयको कमी र मुद्दाका कारण प्रशासकीय भवनको जग्गा प्राप्ति सकसपूर्ण बनेको हो ।

स्थानीयबासीबाट निःशुल्क रूपमा जग्गा प्राप्त हुन नसकेपछि तीन वटै स्थानीय तहलाई मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार सरकारले जग्गा खरिद गरेर भवन बनाउन अनुमति दिएको छ । आफ्नै भवन नहुँदा सेवा प्रवाहमा कठिनाई र भाडामा वार्षिक लाखौ बजेट खर्चनुपरेको मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले जानकारी दिनुभयो । “हामी निर्वाचित भएदेखिनै खरिदको प्रयास गरिरहेपनि पाएका छैनौ,” उहाँले भन्नुभयो “गत वर्ष दरवाङ बजारमा जग्गा खरिद गर्न प्रक्रिया अन्तिम चरणमा पुगेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मुद्दा परेपछि रोकिएको छ ।” मालिका गाउँपालिकाले गत वर्ष पालिकाको प्रशासकीय भवन, वडा नं-१ र ७ को भवन निर्माणका लागि बिनियोजन गरेको रु. दुई करोड बजेट खर्च हुन सकेन् । मालिकाले कार्यालय सञ्चालनका लागि वार्षिक रु. २१ लाख खर्चीदै आएको छ ।



बाबियाचौरमा केन्द्र रहेको मङ्गला गाउँपालिकाले पनि भवन बनाउन जग्गा पाएको छैन् । गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले मापदण्ड अनुसारको जग्गा खरिदको प्रक्रीयामै रहेको बताउनुभयो । पछिल्लो तीन वर्षयता गाउँपालिकाले जग्गा खरिद गर्न वार्षिक रूपमा बिनियोजन गर्दै आएको रु. एक करोड बजेट खर्च हुन सकेको छैन् । कार्यालय सञ्चालनका लागि मङ्गला गाउँपालिकाले मासिक रु. ६७ हजार पाँच सय घरभाडामा खर्च गर्दै आएको छ ।

अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरमा जग्गा खरिदका लागि स्थानीयले प्रस्ताव पेश नगरेपछि नजिकैको घिरच्याङमा खरिदको प्रक्रीया अघि बढाएको थियो । तर पोखरेबगरका बासिन्दाले आफूले पनि जग्गा नदिने र छिमेकी बस्तिमा खरिद गर्न खोज्दा उजुरी गरेर अवरोध गरेका गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले गुनासो गर्नुभयो । जग्गा खरिदका लागि वार्षिक रु. एक करोड बजेट बिनियोजन गर्दै आएको अन्नपूर्णले कार्यालय सञ्चालनका लागि चार वटा घर भाडामा लिएको छ । वार्षिक रु. १६ लाख घरभाडामा खर्च हुने गरेको छ । अन्नपूर्ण-७ को महभिरमा वडा कार्यालय भवन निर्माणका लागि निशूल्क जग्गा प्राप्तिको प्रक्रिया अन्तिम चरणमा पुगेको उपाध्यक्ष दिवा तिलिजा पुनले बताउनुभयो ।

जिल्ला जग्गा प्राप्ति समितिका सदस्य सचिव रहनुभएका प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले मापदण्ड पुऱ्याउन नसक्ने र स्थानीय बिवादका कारण पालिकाहरूको जग्गा खरिद प्रक्रीया लम्बीएको बताउनुभयो ।

रघुगङ्गा गाउँपालिकाले मौवाफाँटमा स्थानीयबासीले निशूल्क उपलब्ध गराएको जग्गामा प्रशासकीय भवन निर्माण थालेको छ । गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले अन्य पालिकाको भन्दा फरक शैली अपनाएर निशुल्क जग्गा प्राप्ति गरेको जानकारी दिनुभयो ।

“२७ जना जग्गाधनीको २५ रोपनी जग्गा एकिकरण गरी जग्गा व्यवस्थापन कार्यविधि अनुसार, करिब १४ रोपनी जग्गा गाउँपालिकाको नाममा पास गरिएको छ” उहाँले भन्नुभयो “जग्गाधनीहरूलाई छ रोपनी जग्गा घडेरीको रूपमा फिर्ता गरिएको छ । बाँकी जग्गालाई उपयोग गरी पालिकाको वरीपरि आठ मिटर फराकिलो सडकको चक्रपथ बनाइएको छ ।”

गाउँपालिकाले बहुउदेश्यीय भवनबाट सेवा प्रवाह गर्दै आएको छ । गत वर्ष रु. दुई करोड बिनियोजन गरेर सुरु भएको भवन निर्माण योजनालाई चालु आर्थिक वर्षमा पनि निरन्तरता दिएको छ । बहुउदेश्यीय भवनलाई कर्मचारी आवासगृहको रूपमा उपयोग गर्ने र सुविधा सम्पन्न भवन निर्माण गरेर नागरिकलाई सरल र सहज रूपमा सेवा उपलब्ध गराउने अध्यक्ष भण्डारीले बताउनुभयो ।

स्थानीयबासीले वडा नं.-३ घट्टेखोलामा उपलब्ध गराएको १४ रोपनी जग्गामा धवलागिरी गाउँपालिकाले वि.स. २०७९ देखि निर्माण थालेको प्रशासकीय भवन अन्तिम चरणमा पुगेको छ । रु. सात करोड ७१ लाख ८९ हजारमा ठेक्का सम्झौता भएको तीन तले भवनमा सभाहल सहित ३१ वटा कोठा तयार हुने छन् ।

चालु आर्थिक वर्षभित्रनै गाउँपालिकाको कार्यालय र शाखाहरू सबै एउटै छानामुनि सञ्चालन गर्ने लक्ष्य रहेको गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो । हाल तत्कालीन मुना गाविसको भवनबाट गाउँपालिका कार्यालय सञ्चालन भएको छ । जिल्ला सदरमुकाममा रहेको बेनी नगरपालिकाले परराष्ट्र मन्त्रालयको नाममा रहेको जग्गामा पूर्वाधार बनाएर कार्यालय सञ्चालन गरेको छ ।

# प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभाबकारी बन्दै

**पोखरापत्र संवाददाता**
गल्याङ, २९ साउन

स्याङ्जाको गल्याङ् नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत झण्डै ६९ लाख बजेट खर्च गरेको छ । आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिकाले विकास निर्माण तर्फ १७ वटा योजना सम्पन्न गर्न ६८ लाख ६६ हजार ९४८ रुपैयाँ खर्च गरेको हो ।

प्रधानमन्त्री रोजगारमा संघीय सरकारको सर्शत अनुदानतर्फ २४ लाख २२ हजार बजेटसँगै विश्व बैंकको २६ लाख ८८ हजार सहयोग र १७ लाख ५६ हजार आफ्नै लगानीमा सूचिकृत श्रमिकलाई रोजगार बनाएर निर्माणका १७ वटा योजना सम्पन्न गरेको नगरपालिकाले जनाएको छ । नगरपालिकाले गएको आर्थिक वर्षमा सूचिकृत एक हजार तिन मध्ये ११६ श्रमिकलाई रोजगार बनाएको थियो । चार हजार ९३० दिन काम गरेका श्रमिकबाट ६ सडक, १३५ पानीका धारा, ३६५ मिटरको एक सिँचाइ कुलो निर्माण गरेको जनाएको नगरपालिकाले ७६ हजार लिटर क्षमताको एक पानीपोखरी, एक हजार ७३७ मिटरको ढलान पाँच गोरेटो बाटो, ब्याटमिन्टन कोट र पर्खाल निर्माण गरेको जानकारी दिएको छ । सूचिकृत श्रमिकलाई प्राथमिकताका आधार रोजगारीमा आबद्ध बनाएर श्रममा लगाएको नगरपालिका प्रमुख गुरुप्रसाद भट्टराईले बताए । उनले झण्डै ६९ लाखको लागतमा सम्पन्न भएका १७ विकास योजनाबाट पालिकाका ११ वटै वडाका करिब ९ हजार नागरिक प्रत्यक्ष लाभान्वित भएको बताए । नगरपालिकाले रोजगार कार्यक्रमलाई व्यवस्थित बनाउन रोजगार शाखा स्थापना गरेर काम गर्दै आएको छ । गएको आर्थिक वर्षमा रोजगार रणनीति तयार गरेको नगरपालिकाले रोजगारीका लागि बिदेश जाने २७६ जनालाई श्रमस्वीकृत प्रदान गरेको छ । रोजगार रणनीतिमा नगरका सम्भाबित लगानी र प्रतिफलको लेखाजोखा गरेको नगरपालिकाले लगानी सम्मेलन समेत गर्ने भएको छ । पछिल्लो वर्षदेखि नगरपालिकामा रोजगार कार्यक्रम व्यवस्थित बन्दै गएको शाखाका प्रमुख खगेन्द्र भण्डारीले बताए । ‘श्रमिकको सूचिकृतसँगै रोजगार क्षेत्रको खोजि, श्रोतको सुनिश्चिता गर्नमै लामो समय बित्यो ।’ उनले भने, ‘रोजगार रणनीति मार्फत नगरभित्र लगानीको अवसर, श्रोत परिचालन, लगानीकर्ताको सुरक्षा र रोजगारी सृजनामा काम गरेका छौं ।’ आफ्नै गाउँठाउँमा रोजगारी पाएपछि सूचिकृत श्रमिकहरु खुसी छन् भने घरआँगनमै भएका विकास निर्माणमा छरछिमेकी राजबहिनीले निर्माण गरेको सडक, कुलो, पोखरी र पर्खाल देखेपछि स्थानीय दंग पर्दै प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रसंशा गर्न थालेका छन् । गतवर्ष प्राप्त गरेको रोजगार कार्यक्रमको सफलतालाई चालु वर्षमा पनि निरन्तरता दिने नगरको दाबी छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अव्यवस्थित, गुणस्तरहिन, श्रमिकलाई न्यूनतम ज्याला नदिने लगाएका आरोपबाट गुज्रिदै आएको छ । विभिन्न आरोपबाट अलग हुन नसकेको कार्यक्रमलाई स्याङ्जाको गल्याङ् नगरपालिकाले व्यवस्थित, प्रभावकारी बनाउँदै विकास निर्माणमा गुणस्तर कायम गरि श्रमिकलाई उपयुक्त समयमा उचित ज्याला दिने कार्यक्रमका रुपमा रुपान्तरण गर्न सफल भएको नगरपालिकाले जनाएको छ ।